**Prithvi Journal of Research and Innovation**
**(A Peer-Reviewed, Open Access Multidisciplinary Bilingual Journal)**
**ISSN 2705-4888 (Print); ISSN 2705-4896 (Online)**
**Volume 2; 15 December 2020; pp. 58-73**
**DOI: https://doi.org/10.3126/pjri.v2i0.33436**

# समकालीन नेपाली कथामा प्रयुक्त सीमान्तीय पात्रको पहिचान, प्रभुत्व र आवाज

## [Identity, Dominance and Voice of the Marginal Characters in Contemporary Nepali Short Stories]

**विष्णुप्रसाद शर्मा, उपप्राध्यापक**
नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस
त्रिभुवन विश्वविद्यालय, पोखरा
**Bishnu Prasad Sharma, Lecturer**
Department of Nepali Education, Prithvi Narayan Campus
Tribhuvan University, Pokhara

Submitted: 25 Aug. 2020 Reviewed: 06 Oct. 2020 Revised: 03 Nov. 2020

**सार**
*प्रस्तुत 'समकालीन नेपाली कथामा प्रयुक्त सीमान्तीय पात्रको पहिचान, प्रभुत्व र आवाज' शीर्षकको अनुसन्धान मूलतः नेपाली कथा विधा र सीमान्तीय सिद्धान्तमा आधारित छ । समकालीन नेपाली सीमान्तीय कथाको खोजी गरी उक्त कथामा प्रयुक्त सीमान्तीय पात्र/वर्गको स्थान, पहिचान, प्रभुत्व, प्रतिरोध र आवाजको निरूपण गर्नु प्रस्तुत अनुसन्धानको उद्देश्य हो । प्रस्तुत अनुसन्धानको दावी समकालीन नेपाली कथामा प्रयुक्त सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज किनारीकृत छ भन्नु रहेको छ । प्राज्ञिक जिज्ञासा र दाबीमा आधारित भई अनुसन्धानको निर्दिष्ट उद्देश्य पूरा गर्न गुणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ । प्रस्तुत अनुसन्धान उत्तरआधुनिक दर्शन र व्याख्यावादी तथा जातिभाषिक पद्धतिमा आधारित छ । अनुसन्धानमा सोद्देश्यमूलक नमुना छनोट पद्धतिका माध्यमबाट समकालीन सीमान्तीय कथा छनोट गरी तिनलाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । विश्लेषणको आधार सीमान्त वर्ग/पात्रको पहिचान प्रभुत्व र आवाज हो । अनुसन्धानबाट समकालीन नेपाली कथामा प्रयुक्त सीमान्त पात्र/वर्ग आवाजविहीन र निरीह देखिन्छन् । यी पात्रहरू सदियौँदेखि सम्भ्रान्त वर्ग र राज्य पक्षबाट उपेक्षित र किनारीकृत छन् । यिनीहरूको उद्धार र सुविधाका लागि सम्बन्धित पक्ष जवाफदेही बन्न सकेको छैन । कथाका पात्रहरू न आफ्नो पहिचान र प्रतिनिधित्वका लागि सशक्त छन्, न उनीहरूमा प्रतिरोधी भावना तीव्र छ । 'पछवरिया टोल', 'राजनीति', 'विवस्त्र रामायण' जस्ता कथाका पात्रमा विद्रोही र प्रतिरोधी भावना छ तर राज्य पक्षले तिनका आवाज सुनेको छैन । सबै कथाका सीमान्तीय पात्रहरूले प्रभुताको उपयोग गर्न पाएका छैनन् । कथाका सबैजसो पात्रहरू वर्गीय, लैङ्गिक, जातिगत जस्ता सीमान्तीयतामा बाँच्न विवश छन् ।*

**मुख्य शब्दहरू :** आवाज, पहिचान, प्रतिरोध, प्रभुत्व, सीमान्तीय

**ABSTRACT**
*The research titled "Identity, Dominance and Voice of the Marginal Characters in Contemporary Nepali Short Stories" is based on the genre of Nepali story and marginal theory. The purpose of this research is to explore the contemporary Nepali stories that deal with marginal themes and to determine the place, identity, dominance, resistance and voice of the marginal characters/classes used in the story. The present study claims*

*that the identity of the class/character used in the contemporary Nepali story is the marginalized one. A qualitative research framework has been used to meet the specified objectives of research that is based on academic curiosities and claims. The present research is based on postmodern philosophy, and interpretive and ethnographic methods. The researcher selected contemporary marginal stories through purposeful sampling and analyzed them based onthe marginal theory.The basis of the analysis is the identity, dominance and voice of the marginalized classes/characters. From the research, the marginal characters/classes used in contemporary Nepali short stories seem to be voiceless and helpless. The elite and the state have been neglecting these characters for centuries. The concerned authorities do not seem accountable for their rescue and relief. The characters in the story are neither strong for their identity and representation, nor do they have a strong sense of resistance. In the stories like 'Pachhawaria Toll', 'Politics', and 'Vivastra Ramayana', there is a sense of resistance but the state has not paid due attention to their voices. Not all the marginal characters in the story have access to sovereignty. Most of the characters in the story are obliged to live in marginalized identity of class, gender, and ethnicity.*

**KEYWORDS:** Voice, identity, resistance, dominance, marginal

---

**विषय परिचय**

समकालीन नेपाली कथामा सीमान्त पात्रको पहिचान, प्रभुत्व र आवाज शीर्षकमा आधारित प्रस्तुत अनुसन्धान नेपाली कथा विधामा आधारित भई गरिएको समालोचनात्मक कार्य हो । प्रस्तुत अनुसन्धान समकालीन नेपाली कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाजको अवस्था कस्तो रहेको छ ? भन्ने प्राज्ञिक जिज्ञासमा केन्द्रित छ । बहुलवादी प्रवृत्तिअन्तर्गत समकालीन नेपाली कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रतिनिधित्व र आवाज किनारीकृत छ भन्नु प्रस्तुत अनुसन्धानको दाबी हो । अनुसन्धानमा मूलतः २०६० पछिका नेपाली सीमान्तीय कथाहरूको खोजी गरी तिनमा सीमान्त वर्ग/पात्रको पहिचान, प्रतिनिधित्व र आवाजको निरूपण गरिएको छ ।

अङ्ग्रेजी 'कन्टेम्पोररी शब्दको नेपाली रूपान्तरण नाम समसामयिक हो । 'समसामयिक' शब्दमा 'ता' प्रत्यय जोडिएर बनेको 'समसामयिकता' ले समसामयिक हुनुको भावलाई बुझाउँछ । वर्तमान समयको, वर्तमान अन्तर्गत पनि आजको वा अहिलेको विषय, व्यक्ति वा वस्तुलाई समसामयिकताका रूपमा लिइन्छ । वस्तुतः समसामयिकता वर्तमानसँग आबद्धता पनि हो र आबद्धताबाट प्रकट लक्षण पनि हो (शर्मा, २०४९, पृ. २३) । समसामयिकतालाई वर्तमान कालको चालु पछिल्लो चरणले बहन गरेको मूल्य, मान्यता, प्रवृत्ति, चिन्तन, घटना आदिले युक्त समयावधिका रूपमा लिन सकिन्छ जुन अघिल्लोभन्दा नवीन हुन्छ । समसामयिकताको अर्को नाम समकालीनता हो । कालचक्रका तीन विभाजनमध्ये समकालीनताको सम्बन्ध वर्तमानसँग हुन्छ । समकालीन समयमा रचित रचनाले परम्परित कला, मूल्य, शैली, शिल्पमा परिवर्तन गरेर वा पर्याप्त विचलन विकास गरेर आफूलाई नवीन कला मूल्यका आविष्कारक वा अनुयायीका रूपमा प्रस्तुत गर्दछन् (पौडेल, २०६९, पृ. २८) । समकालीन भैकन पनि नयाँपन देखिनु समसामयिक रचनाको धर्म हो । समकालीनताले आधुनिकता र उत्तरआधुनिकतासँग पनि केही हदसम्म सम्बन्ध राख्छ । समकालीनता आधुनिकता र उत्तरआधुनिकताको जस्तो वाद वा अवधारणा नभएर चालु वर्तमानको पछिल्लो समयका परिवर्तित राजनीतिक, सामाजिक घटनाक्रमबाट साहित्यकारले आफ्नो समयको युगलाई आत्मसात् गर्ने नवीन प्रवृत्ति हो (गौतम, २०६६, पृ. ३२-३३) । समकालीन साहित्यमा गतिशील समय र समाजमा देखा पर्ने सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, नैतिक, लैङ्गिक, जातीय आदि अभिलक्षणहरू प्रतिबिम्बित भएका हुन्छन् ।

यसै सन्दर्भमा प्रस्तुत अनुसन्धानमा सीमान्तीय अध्ययन/सिद्धान्तको सैद्धान्तिक आधार स्पष्ट गर्दै समकालीन नेपाली सीमान्तीय कथाको खोजी गरी तिनको विश्लेषण र मूल्याङ्कन गरिएको छ । सीमान्तीय अध्ययन सम्बन्धी पूर्व कार्यको समीक्षा गरी ज्ञानको रिक्तता (knowledge gap) का आधारमा प्राज्ञिक जिज्ञासाको खोजी गरिएको छ । पूर्व अध्येतासँग संवाद गर्दै तर्क र साक्ष्यका आधारमा अनुसन्धानमा प्रस्तुत दाबी र उद्देश्यको पुष्टि गरिएको छ ।

## पूर्व साहित्यको समीक्षा

सीमान्तीय अध्ययन उत्तरआधुनिक साहित्य समालोचनाअन्तर्गत बहुलवादी चिन्तनको एक प्रवृत्ति विशेष हो । सीमान्तीयता अर्थात् सबाल्टर्नको अर्थ समाजमा हेपिएका, तल पारिएका र अधीनस्थ वा आवाजविहीन वर्ग, व्यक्ति वा समुदाय भन्ने हुन्छ । यस अध्ययन/सिद्धान्तको सम्बन्ध उत्तरउपनिवेशवाद तथा सांस्कृतिक अध्ययनसँग पनि रहेको देखिन्छ । सीमान्तीय अध्ययनसँग सम्बन्धित केही पूर्वकार्य र तिनको समीक्षालाई निम्नानुसार क्रमशः उल्लेख गरिएको छ ।

त्रिपाठी (२०६७) द्वारा 'काँचको गिलास' कथामा सीमान्तीकृत चिन्तनको प्रयोग' शीर्षकमा आधारित अध्ययनमा अमर न्यौपानेद्वारा लिखित *पानीको घाम* (२०६६) कथा सङ्ग्रहमा सङगृहीत 'काँचको गिलास' कथाको सीमान्तीय अध्ययन गरिएको छ । गुणात्मक अनुसन्धानमा आधारित उक्त अध्ययनमा सीमान्तीय सिद्धान्तका आधारमा कथाको समीक्षा गरिएको छ । यस्तै, सुब्बा (सेप्टेम्बर २०११) द्वारा 'केन्द्र बनाम किनारा' शीर्षकमा गरिएको अध्ययनमा सीमान्तीकृतलाई किनारीकृत भनिएको छ । पौराणिक तथा धार्मिक ग्रन्थ साथै सम्भ्रान्त वर्गले अर्थ, जात र विचारका आधारमा विभेद गरेको एवम् शक्ति सम्पन्न राष्ट्रहरूले आफ्नो प्रभुताका कारण शक्तिहीन राष्ट्रमाथि विभेद गरेको धारणा अध्ययनमा पाइन्छ । यसै गरी श्रेष्ठ ( २०६८) द्वारा *शक्ति, स्रष्टा र सबाल्टर्न* शीर्षकमा आधारित पुस्तकमा सबाल्टर्न अध्ययनको इतिहास र यसको वर्तमान प्रयोगका विषयमा विस्तृत चर्चा गरिएको छ । शर्मा (२०७०) द्वारा 'अवरजन अध्ययन र साहित्य' शीर्षकमा आधारित भएर गरिएको अध्ययनमा अवरजनको अर्थ र पीरभाषा, अवरजनको ऐतिहासिक सन्दर्भ, अवरजन अध्ययनको साहित्यमा प्रयोगलगायत पक्षमा उल्लेख पाइन्छ ।

अनुवादकद्वय आचार्य र पाण्डे (२०७२) द्वारा क्रमशः 'बुद्धिजीवीको निर्माण एन्टोनियो ग्राम्ची' र 'विचारधारा र राज्यका विचारधाराका अङ्गहरू' नामक लेखमा नवमार्क्सवादी चिन्तनका सन्दर्भबाट सबाल्टर्नलाई हेरिएको छ । ग्राम्सीले 'प्रभुता' र अल्थुसरले 'विचारधारा' लाई महत्त्व दिएको तथ्य अध्ययनमा पाइन्छ । यसै गरी पाण्डेय (२०७३) द्वारा 'साल्गीको बलात्कृत आँसु कथाको बहुसांस्कृतिक अध्ययन' शीर्षकमा आधारित अध्ययनमा कथाको वर्गीय, लैङ्गिक र सांस्कृतिक अध्ययन गरिएको छ । यस्तै, बराल ( २०७३) द्वारा *मार्क्सवाद र सबाल्टर्न अध्ययन* शीर्षकमा आधारित भएर गरिएको अध्ययनमा मार्क्सवादी कोणबाट सीमान्तीय अध्ययन गरिएको छ । त्रिपाठी (२०७५) द्वारा प्रस्तुत 'अनलाइन शिक्षण सामग्री' मा सीमान्तयि शब्दको अर्थ र व्युत्पत्ति, परम्परा, प्रयोग, वर्तमान अवस्था र सीमान्तीय सिद्धान्तका आधारमा कृतिको विश्लेषण गर्ने तरिका सुझाइएको छ । यसै गरी ज्ञवाली (२०७५) द्वारा 'पछबरिया टोल कथामा सीमान्तीयता' तथा शर्माद्वारा 'उलार उपन्यासमा सीमान्तीयता' शीर्षकमा आधारित अध्ययनमा सीमान्तीय सिद्धान्त र विश्लेषणका आधारमा कृति/रचनाको विमर्श गरिएको छ । शर्मा (२०७७) द्वारा गरिएको 'समकालीन नेपाली कथामा सीमान्तीयता' शीर्षकको लघु अनुसन्धान कार्यमा विशेषतः वि.सं. २०६० पछिका ११ वटा प्रतिनिधि कथा छनोट गरी तिनलाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण र मूल्याङ्कन गरिएको छ ।

माथि उल्लेख गरिएका केही पूर्व साहित्यहरूको अध्ययनमा सीमान्तीय सिद्धान्त (चिन्तन) को सैद्धान्तिक पक्ष र विभिन्न कृतिको प्रायोगिक अध्ययन गरिएको छ । अध्ययनको उद्देश्य, अध्ययन विधि तथा प्रक्रिया र अध्ययनलाई प्रायोगिक बनाउने कार्यमा भने उक्त अध्ययनमा कमी देखिन्छ । उपर्युक्त अध्ययनहरू समकालीन नेपाली कथाको सीमान्तीय अध्ययनका तहसम्म पुग्न सकेका छैनन् । यही ज्ञानको रिक्तता (Knowledge gap) पूरा गर्ने उद्देश्य प्रस्तुत अनुसन्धानले लिएको छ । जे होस्, उक्त अध्ययनले प्रस्तुत अनुसन्धानको सैद्धान्तिक र प्रायोगिक कार्य गर्न दिशानिर्देश गरेका छन् ।

## सीमान्तीय सिद्धान्त


'सीमान्तीय' शब्दलाई अङ्ग्रेजीमा 'सबाल्टर्न' भनिन्छ । सबाल्टर्न शब्दले निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेका श्रमिक, सर्वहारा र उत्पीडित वर्ग/व्यक्ति/समूहलाई बुझाउँछ (श्रेष्ठ, २०६८, पृ. XVII) । सीमान्तीय शब्दलाई मोहनराज शर्माले 'अवरजन' भनेका छन् । उनले श्रेष्ठ नभएका वा तल्लो मानिसका रूपमा अवरजन अर्थात् सवाल्टर्नलाई लिँदै *सलिजो* र *पल्ली* उपन्यासमा तिरस्कृत पात्र 'भुइँमान्छे' शब्दको प्रयोग गरेका छन् (शर्मा, २०७०, पृ. ३१४) । सीमान्तीय/अवरजन/सबाल्टर्नसम्बन्धी चर्चाको उठान सर्वप्रथम जर्मनीका दार्शनिक कार्ल मार्क्सले गरेका हुन् । मार्क्सले अर्थसँग जोडेर शासक र शासित दुईवर्गसङ्घर्षको अवधारणा ल्याए । मार्क्ससँगै जर्ज प्लेखानोभ, जर्ज लुकाचलगायतले वर्गसङ्घर्षका सन्दर्भमा सीमान्तीय अध्ययनको पृष्ठभूमि तयार पारे । यसो भए तापनि समसामयिक सन्दर्भमा सबाल्टर्नका उन्नायक, विस्तारक र विचारक इटालेली नवमार्क्सवादी एन्टोनियो ग्राम्सी (१८९१-१९३७) हुन् । ग्राम्सीले प्रभुता वा

प्रभुत्व (हेजेमोनी) का सन्दर्भबाट सबाल्टर्नलाई हेरेका छन् (शर्मा, २०७०, पृ. ३१६)। ग्राम्सीपछि लुई अल्थुसर, अर्नेस्टो ल्याकल्याउ, चान्टाल मुफीलगायतले सबाल्टर्न अध्ययनलाई विकसित गरे। भारतीय इतिहासकार रञ्जित गुहा, गायत्री स्पिभाक तथा विनिर्माणवादी ज्याक डेरिडा, नवइतिहासवादी मिसेल फुकोका साथै सबाल्टर्न अध्ययन समूह (सन् १९८२), सीमान्त विकास मञ्च (सन् २००५) लगायत व्यक्ति र संस्थाको प्रयासबाट सीमान्तीय अध्ययनले सिद्धान्तका रूपमा उचाइ लिएको पाइन्छ। हाल यो सिद्धान्त उत्तरउपनिवेशवाद तथा सांस्कृतिक अध्ययनसँग सम्बन्धित देखिन्छ।

सीमान्तीय अध्ययनले अवरजन अर्थात् सीमान्तीकृतका आवाज तथा दिनचर्या र उत्पीडनलाई विषय बनाउँछ। सीमान्तीकृत एउटा स्थिर वा जड विषय नभई कुनै राज्य, समाज, रङ, जाति, लिङ्ग, समूह, घर परिवारलगायत देश, काल र परिस्थितिमा भिन्न रूपमा पाउन सकिन्छ। अर्थात् एउटै व्यक्ति पनि कुनै परिवेशमा सम्भ्रान्त र कुनैमा अधीनस्थ हुन सक्छ। सीमान्तीकृतहरू बोल्दैनन्, उत्पीडन विरुद्ध बोल्छन् र विद्रोह गर्छन् भन्ने तीन थरी मत देखिए पनि समग्रमा सीमान्तवादी लेखकले सबाल्टर्नका आवाजलाई उठाउँछन्। साहित्य समालोचनाका माध्यमबाट उत्पीडनका विरुद्धमा उठ्न र सङ्गठित हुन सहयोग पुऱ्याउँछन्। त्यसैले सीमान्तीय अध्ययनमा सीमान्तीकृतहरूका सामर्थ्य र सम्भावनाको खोजी गरिन्छ। अध्ययनमा सीमान्तीकृत पात्रको उपस्थिति, त्यस्ता पात्रको सङ्ख्या, प्रतिनिधित्व, पहिचान, कार्यव्यापार, भूमिका तथा चारित्रिक अभिलक्षणलगायत पक्षको खोजी गरिन्छ। कृतिमा अवरजनप्रति लेखकीय पक्षधरता, अवरजन पात्रको भाषा तथा सीमान्त वर्ग, समूहका राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक, शैक्षिकलगायत पक्षको अध्ययन गरिन्छ। सीमान्तीय अध्ययनमा सीमान्त वर्गको स्वाधीनता, स्वतन्त्रता र आवाजको खोजी गरिन्छ। सत्ता, शक्ति र प्रभुता (हेजेमोनी) हत्याएर अवरजनका लागि दमनकारी एवम् विभेदकारी शक्ति भइदिने सम्भ्रान्त वा माथिल्ला वर्गका कैरनको पनि यसले अध्ययन गर्छ। सीमान्तीकृतहरू सङ्गठित हुन नसक्नु र भए पनि उनीहरूका आवाज सम्बन्धित पक्षले नसुन्नुजस्ता सीमान्तीकृतले भोगेका समस्याको समेत यसमा अध्ययन गरिन्छ।

**अवधारणात्मक रूपरेखा**

'समकालीन नेपाली कथामा प्रयुक्त सीमान्तीय पात्रको पहिचान, प्रभुत्व र आवाज' शीर्षकमा आधारित प्रस्तुत अनुसन्धानमूलक आलेख सीमान्तीय अध्ययनमा आधारित छ। अनुसन्धानमा समकालीन नेपाली सीमान्तीय कथा चयन गरी तिनलाई सीमान्तीय सिद्धान्तका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष स्थापित गरिएको छ। अनुसन्धान सिद्धान्त, विधि र प्राप्तिका आधारमा प्रस्तुत अनुसन्धानको अवधारणात्मक रूपरेखालाई निम्न आरेखमा देखाइएको छ :




दिइएको अवधारणात्मक रूपरेखाका आधारमा प्रस्तुत अनुसन्धानको सिद्धान्त सीमान्तीयता हो । यसका आधारमा समकालीन नेपाली कथाको अध्ययन गर्दा सीमान्तीय पात्र/वर्गको पहिचान, प्रतिनिधित्व र आवाजको खोजी गरिएको छ । कृतिमा अवरजनको स्वाधीनता, स्वतन्त्रता, सम्भावना र सामर्थ्यको पनि निरूपण गरिएको छ । अवरजन पात्रले बोल्ने भाषा, लेखकमा सत्ताबाट परेको प्रभाव, लेखकको अवरजनसँगको पक्षधरतालगायत पक्षको खोजी गरी अनुसन्धेय कार्य पूरा गरिएको छ ।

**अनुसन्धान विधि र प्रक्रिया**

'समकालीन नेपाली कथामा प्रयुक्त सीमान्तीय पात्रको पहिचान, प्रभुत्व र आवाज' शीर्षकमा आधारित प्रस्तुत अनुसन्धान गुणात्मक अनुसन्धान ढाँचा, उत्तरआधुनिक दर्शन र जातिभाषिक तथा व्याख्यावादी अध्ययन पद्धतिमा आधारित छ । यसका लागि पुस्तकालयीय कार्यमा आधारित भई प्राथमिक र द्वितीयक स्रोतका सामग्री सङ्कलन गरिएको छ । विशेष गरी वि.सं. २०६० पछि समकालीन समयका संस्थागत रूपमा प्रकाशित एकल वा संयुक्त लेखकद्वारा लिखित कथासङ्ग्रहबाट सोद्देश्यमूलक नमुना छनोट विधिका सहायताबाट सीमान्तीय कथा छनोट गरिएको छ । सङ्कलित कथा/तथ्यको विश्लेषणमा सीमान्तीय सिद्धान्तको उपयोग गरिएको छ । सीमान्तीय सिद्धान्तका आधार (वर्गीय, लैङ्गिक, जातीय, वैचारिक, शैक्षिक, उमेरगत आदि) तथा सीमान्तीकृतको पहिचान, प्रतिनिधित्व र आवाजका आधारमा कथामा सीमान्तीय पक्षको खोजी गरिएको छ । समालोचना पद्धतिका कोणबाट तथ्य विश्लेषणमा निगमनात्मक पद्धतिको अवलम्बन गरिएको छ । तथ्य विश्लेषणका क्रममा तर्कलाई लम्बीय र क्षितिजीय रूपमा प्रस्तुत गरिएको छ । कथाका विभिन्न साक्ष्य र प्रमाणका आधारमा प्राज्ञिक जिज्ञासा र दाबीको पुष्टि गरिएको छ। पूर्व अध्येतासँग संवाद गर्दै लेखकीय दृष्टिकोण पनि प्रस्तुत गरिएको छ । बहुसत्यमा आधारित प्रस्तुत अनुसन्धानमा प्राथमिक र द्वितीयक स्रोतबाट प्राप्त तथ्यलाई ज्ञानको स्रोत तथा तिनबाट प्राप्त निष्कर्षलाई मूल्यका रूपमा ग्रहण गरिएको छ । यस आधारमा अनुसन्धानलाई गुणस्तरीयता र नैतिकताको सुनिश्चितता प्रदान गरिएको छ । आलेख लेखनमा मूलतः एपिए ढाँचाको अवलम्बन गरिएको छ ।

**नतिजा र छलफल**

उत्तरवर्ती समालोचनामा देखिएको उत्तरआधुनिकतावाद र त्यसभित्रको सीमान्तीय चिन्तन/प्रवृत्तिले किनारामा रहेका/दबिएका र हेपिएका, तल्लो वर्गका आवाजविहीनहरूका आवाजको खोजी गर्छ र तिनलाई प्रकाशमा ल्याउँछ । यसै मान्यताका आधारमा प्रस्तुत अनुसन्धानमा समकालीन नेपाली सीमान्तीय कथाको खोजी गरी तिनलाई सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यस अनुसन्धानमा विशेष गरी

२०६० पछिका कथालाई नमुना छनोटका रूपमा लिई तिनमा पाइने पात्र/वर्गको पहिचान, प्रभुत्व र आवाजको खोजी गरिएको छ । यसका साथै समकालीन नेपाली सीमान्तीय कथाको पनि सामान्य विवरण दिने कार्य गरिएको छ । अनुसन्धानमा अमर न्यौपानेको 'काँचको गिलास' (२०६६), रामलाल जोशीको 'खुटियाको काख' (२०७३), नारायण ढकालको 'राजनीति' (२०७२), ऋषिराज बरालको 'पछवरिया टोल' (२०६९), दिल साहनीको 'खरानी गाउँ' (२०७२), नरेन्द्रराज पौडेलको 'रोबोटको आँखा' (२०७२), उपेन्द्र सुब्बाको 'प्रभु माइला' (२०७३), शङ्कर श्रेष्ठको 'सीमान्त क्षितिज' (२०७३), हरिहर विरहीको 'थवाङ्को आकाशमुनि' (२०७३), उत्तरकृष्ण मजगैयाँको 'बँसीतिर' (२०७३) र अर्चना थापाको 'विवस्त्र रामायण' (२०७४) कथालाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ ।

माथि उल्लेख गरिएका अतिरिक्त खगेन्द्र सङ्ग्रौलाको 'सङ्ग्राम बहादुर सार्की' ध्रुव सापकोटाको 'चीत्कार', नारायण ढकालको 'इरफान अली, 'जुत्ता', ऋषिराज बरालका 'खत्री बालाई आजभोलि निद्रा लाग्दैन', सीता पाण्डेको चिसिँदै गएका आस्थाहरू, महेशविक्रम शाहका 'छापामारको छोरो', सिपाहीकी स्वास्नी', ध्रुवचन्द्र गौतमको 'आगलागी', जगदीश घिमिरेको 'मान्छेको छाउरो', 'पहिरो', सन्तोष भट्टराईको 'परावृत्त', बेन्जु शर्माको 'लोहारपट्टीवाली', नन्दराम लम्सालको 'टेकुका टुहुरा', घनश्याम ढकालको 'आजको महाभारत', सुधा त्रिपाठीको 'भाग्य', 'संस्कृति', रोशन थापा 'नीरव' को 'अन्त्यहीन युद्ध', गोविन्दप्रसाद लोहनीको 'चलिआएको चलन', भवानी घिमिरेको 'आत्मज्वाला', सोमध्वज विष्टको 'चक्काजाम', कृष्णप्रसाद सर्वहाराको 'तोर्मे', गणेश रसिकको 'सन्तवीर गाउँमा छैन', गोरखबहादुर सिंहको 'सुखिया र सालको पोथ्रा', कृष्ण धराबासीको 'झोला', रामलाल जोशीको 'मुक्ति', 'एउटा भोकको कथा', 'कालीको गीत', रोहित दाहालको 'अब गाउँ व्युँझियो', नीलम कार्की 'निहारिका' को 'जन्मिन नपाएका नानीहरू', अभय श्रेष्ठको 'मोडल', जलेश्वरी श्रेष्ठको 'आगोका लप्काहरू', रक्ष राईको 'भोक', गङ्गा सुवेदीको 'अन्त्यहीन वेदना', फूलमान बलको 'काजोल खातून', हरि मञ्जुश्रीको 'फेरिएको पर्खाल', बलदेव मजगैयाँको 'मुक्ति', साधना प्रतीक्षाको 'अतृप्त आकाश', इल्या भट्टराईको 'मेरो नयाँ नाम नं. २१५' लगायत कथा सीमान्तीयताका दृष्टिले उत्कृष्ट देखिन्छन् । यसपूर्वका पारिजातको 'साल्गीका बलात्कृत आँसु', 'सिटी हलको बूढो ज्यामी', रमेश विकलको लाहुरी भैँसी', प्रदीप नेपालको 'थैले खत्रीको इतिहास', इन्द्रबहादुर राईको 'रातभरि हुरी चल्यो', भवानी भिक्षुको 'हारजीत' जस्ता कथामा पनि सीमान्तीयता सघन रूपमा प्रकट भएको पाइन्छ ।

सीमान्तीयता निरूपणको मूल आधार सीमान्तीय वर्ग/पात्रको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुता र आवाज हो । छनोटमा लिइएका समकालीन नेपाली कथामा प्रयुक्त सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाजलाई निम्नानुसार क्रमशः उल्लेख गरिएको छ :

### *'राजनीति' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

'राजनीति' कथामा सीमान्तीय पात्रहरूको सामाजिक स्थान र पहिचान ज्यादै निम्न वा अपमानजनक अवस्थामा रहेको छ- "जान्नी भएर नकराओ टुहुरा हो .. हाम्रो रिन खाएर बसेका टुहुराहरूको यत्रो धाक" (ढकाल, २०७२, पृ. १०८) ! यहाँ जान्ने सिक्ने, बोल्ने स्थान केवल उच्च वर्गले मात्र पाउँछ भने ऋण खाने निम्न वर्गका लागि कुनै अवसर प्राप्त छैन भन्ने स्पष्ट हुन्छ । त्यसलाई मुखियाको माथिको भनाइ, अड्डाका मानिसहरूले माझीप्रति गरेको अन्यायपूर्ण व्यवहार र गाउँलेहरूले माझीका पक्षमा बोल्न नसकेको अवस्था आदिले पुष्टि गर्छ । समाजमा माझी वा सबाल्टर्न वर्गको अवस्था ज्यादै दर्दनाक हुने प्रमुख कारण अभिजात वर्गको प्रभुत्व नै हो । उसले विचारधारा (राज्य संयन्त्र) आफ्नो कब्जामा लिई माझीहरूप्रति अन्याय गरेको छ । कथामा माझीहरूको प्रतिरोधी क्षमता भने उच्च देखिन्छ । स्थापित केन्द्रीय संस्कृतिको प्रभुत्वका कारण सिर्जित समस्या बोध गर्दै सीमान्त वर्गका माझीहरूले असफल रूपमै भए पनि प्रतिरोध गरेका छन् । त्यतिमात्र नभई माझीहरूका बिचमा अघोषित सङ्गठन निर्माण भएको छ । माझीहरूले साहुले खेती फाँडेको विरोध गरेर, मुखियालाई घाँस खाने पशुसँग दाँजेर (ढकाल, २०६२, पृ. १०८), बालीको साटो आफ्नै छातीमा हान्न चुनौती दिएर, अड्डा अदालतमा उजुरी गरेर, अड्डामा पनि अन्यायका विरुद्धमा बलियो अनि तार्किक आवाज उठाएर (पृ. ११२) यस कथामा सीमान्त वर्गका माझीहरूले सशक्त प्रतिरोध जनाएका छन् तर उनीहरूको आवाजको सुनुवाइ भएको छैन । प्रभुत्वका कारण उनीहरू अधीनस्थ हुनु परेको छ ।

**राजनीति** कथाका सीमान्तीय पात्र/वर्गहरूको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

**तालिका १**

*राजनीति कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| सिङ्गे माझी | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| सिङ्गेकी छोरी | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| माझीहरू | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| मुखिया | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| न्यायादाता | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| मुखियाका मान्छे | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| गाउँलेहरू | अधीनस्थ | + | + | + | – | – | – | – | + |

माथिको तालिकामा (+) ले छ/हो र (-) ले होइन/छैन भन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान बनेको छैन । प्रतिरोध र आवाज भए पनि उनीहरूको स्थान सुरक्षित छैन, आवाज सम्बन्धित पक्षले सुनेको पाइँदैन । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन । लेखक पक्षधरता सीमान्त वर्ग/पात्रप्रति रहेको छ ।

***'काँचको गिलास' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज***

'काँचको गिलास' कथामा गेलुवा, गेलुवाका आमा, बाबु, कामिनी, फूलमती, सुल्फीलगायत सीमान्त वर्गका पात्रहरू आवाजविहीन देखिन्छन् । कामिनी, फूलमती जस्ता पात्रहरूले यौन व्यवसाय गर्न बाध्य छन् । मुख्य पात्र गेलुवाको आफ्नो घर बाढीले बगाएको छ । बाढीले बाबुलाई पनि बगाएर लगेको छ । घर न बासको गेलुवाले आमालाई वृद्धाश्रममा लगेर छोडेको छ, धेरै समय भेट्न गएको छैन । खाना, बास र उपचार नपाएर कुलतमा लागेको गेलुवा मरेको छ । उसको लास सडकमा धेरै दिनसम्म लम्पसार भइरन्छ ( न्यौपाने, २०६६, पृ. १०१) । यसबाट कथामा सीमान्तीय पात्रहरूको स्थान र पहिचान शून्य देखिन्छ । सहरमा बसेका भए पनि यस्ता पात्रहरू अनागरिक भई अपमानजनक रूपमा बाँच्न र मर्न विवश छन् । कथामा सीमान्त पात्रहरूको प्रतिरोधी क्षमता शून्य छ । राज्य वा समाजसँग उनीहरूको कुनै गुनासो छैन भने राज्य पक्षको पनि उनीहरूप्रति कुनै जिम्मेवारी देखिँदैन । अतः कथामा प्रस्तुत सीमान्त पात्रहरूमा पहिचान बोधको अभाव देखिन्छ । कथामा राज्य सरकार यस्ता गरिब, सीमान्त, उपेक्षित र निम्न वर्गका मानिसहरूको जीवन स्तर सुधार्न कुनै चासो देखाएको छैन । यसबाट प्रभुताको सिकार सीमान्त वर्ग बनेको देखिन्छ ।

**काँचको गिलास** कथाका सीमान्तीय पात्र/वर्गहरूको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

**तालिका २**

*काँचको गिलास कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| गेलुवा | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| कामिनी | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| फूलमती | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| सुल्फी | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| गेलुवाकी आमा | अधीनस्थ | – | – | + | – | – | + | – | + |
| गेलुवाका बाबा | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| फूलमतीकी आमा | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| ड्राइभर | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| गजेन्द्र साहु | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| यात्रु दुई युवती | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |

माथिको तालिकामा (+) ले छ/हो र (-) ले होइन/छैन भन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान प्रतिरोध र आवाज शून्य देखिन्छ । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन । लेखक पक्षधरता सीमान्त वर्गप्रति छ । लेखकले सीमान्त पात्रको भाषा बोलेका छन् ।

### *'बँसीतिर' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

'बँसीतिर' कथामा हर्के घर्ती, उसकी स्वास्नी, दुई छोरी र छोरा जङ्गबहादुर साहुको प्रभुताका कारण सीमान्त बनेका छन् । आफ्नो छुट्टै घर र जग्गा नभएका कारण हर्के घर्तीका परिवार जङ्गे साहुको अगाडि निरीह र काँतर बन्न विवश छन् । यसको उदाहरण हो- 'जङ्गबहादुर साहुले हर्के घर्तीतिर हेरेर मुसुमुसु हाँस्दै भन्यो- 'क्या हो ए हर्के ! तँ मेरो आसामी होइनस् र भन्या ?', 'हुँ मालिक मैले हैन काँ भनेको छु र' ? (मजगैयाँ, २०७३, पृ. ३७) । यसै गरी जङ्गबहादुर साहुले हर्के घर्तीलाई 'आसामी', 'आफैले पालेको बिरालो' जस्ता आरोप लगाउँछ । एक हजारको ऋण बढाएर दस हजार पु¥याउँछ । जङ्गेका छोराले लाठाले सुन्तलाका बोट र हाँगा हानेर भाँचिदिन्छ (पृ. ३६) । फलस्वरूप हर्के जङ्गे साहुको शोषण सहन नसकेर बँसी झर्न बाध्य हुन्छ । कथामा हर्के परिवारको प्रतिरोधी क्षमता सशक्त देखिन्छ । हर्केकी स्वास्नी जङ्गे साहुका, छोराले जथाभावी सुन्तला टिप्दा 'हात झरुन्' भनेर गाली गर्नु, बँसी झर्ने बेलामा हर्केका छोराले सुन्तलाका बोट ढलाइदिनु र हर्केले आफ्नो घरमा आगो लगाइ दिनुले प्रतिरोधी भावनाको परिचय दिन्छ (पृ. ४०) । यसो भए तापनि सम्भ्रान्त वर्गको प्रभुताका कारण सीमान्त पात्रका आवाज र प्रतिरोधले सफलता पाउन सक्दैन । हर्के परिवारको पहिचान र क्षेत्र गुमेको तथा सम्भ्रान्त वर्गको प्रभुताका प्रभावले सीमान्त वर्ग उपेक्षित र किनारीकृत भएको तथ्य कथाका प्रसङ्गले स्पष्ट पार्छ ।

'बँसीतिर'कथाका सीमान्तीय पात्र/वर्गहरूको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

**तालिका ३**

*बँसीतिर कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| हर्के घर्ती | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| हर्केकी पत्नी | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| हर्केको छोरा | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| हर्केकी छोरी | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| गाउँले | अधीनस्थ | – | – | – | – | – | – | – | + |
| जङ्गे साहु | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| लालबहादुर | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| सहरिया ठिटा | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| प्रहरी | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |

माथिको तालिकामा (+) ले छ/हो र (-) ले होइन/छैन भन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान शून्य छ । प्रतिरोध र आवाज भए पनि उनीहरूको स्थान सुरक्षित छैन, आवाज सम्बन्धित पक्षले सुनेको पाइँदैन । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन । लेखक पक्षधरता सीमान्त वर्गप्रति रहेको देखिन्छ ।

### *'सीमान्त क्षितिज' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

'सीमान्त क्षितिज'कथामा नेपाल देश र नेपाली जाति सीमान्तीकृत बनेका छन् । नेपाल र नेपाली जातिले आफ्नो पहिचान गुमाएको र आफ्नो क्षेत्र, देशको अस्तित्व उचो राख्न नसकेको कथाका विभिन्न प्रसङ्गले पुष्टि गर्छ । अमेरिकाको 'फार्मर क्युजियन' मा बेच्न राखिएको खुकुरीको दापको गलत हिज्जे सच्याउन नसकेको (श्रेष्ठ, २०७३, पृ. ४४), शान्ति सेनाका रूपमा विदेश जाँदा विदेशमा गरिब देशका भाडाका सैनिक भनेर चिनिएको जस्ता सन्दर्भले नेपालीहरूको विशिष्ट पहिचान र अस्तित्व नभएको बोध हुन्छ । नेपालीहरू पैसा कमाउन र परिवार पाल्नका लागि विदेश पस्ने अनि अवैध धन्धा गर्ने कार्यले पनि नेपालीको विशिष्ट पहिचान कायम हुन नसकेको देखिन्छ । विदेशका लागि नेपाली राजदुत बनेकाहरूले पनि राजदुतावास र आफ्नो पोसाकमा नेपालीपन झल्काउन नसकेको देखिन्छ । नेपालमा भ्रष्टाचारका कारण पनि नेपाल देश झन् गरिब बन्दै गएको (पृ. ४५) प्रसङ्गले नेपालीको पहिचान गुम्दै गएको स्पष्ट हुन्छ ।

कथामा सीमान्त पात्रमा प्रतिरोधी आवाज पाइँदैन । उसमा अस्तित्व बोध पनि नभएको देखिन्छ । यस अवस्थामा सम्भ्रान्त देश/वर्गले सीमान्त वर्ग/पात्रलाई अधीनस्थ बनाउनु स्वाभाविक बनेको छ ।

'सीमान्त क्षितिज'कथाका सीमान्तीय पात्र/वर्गहरूको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

**तालिका ४**

*सीमान्त क्षितिज कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| नेपाल देश | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| नेपाली जनता | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| म पात्र (लेखक) | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| खुकुरी | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| अङ्ग्रेज | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| विदेश | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |

माथिको तालिकामा (+) ले छ/हो र (-) ले होइन/छैन भन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान गुमेको छ । उसमा प्रतिरोध र आवाज पनि छैन । फलस्वरूप उसको स्थान पनि सुरक्षित छैन, आवाज पनि छैन । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन । लेखक पक्षधरता भने सीमान्त वर्ग/पात्रप्रति रहेको छ ।

***'प्रभु माइला' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज***

'प्रभु माइला' कथामा मङ्गलसिं, डबले, कोक्मा ठुले, पुर्ने जस्ता पात्रहरू सीमान्तीकृत देखिन्छन् । उनीहरू सदियौँदेखि हेपिएका, च्यापिएका र दबाइएका वर्गका रूपमा कथामा उपस्थित छन् । बास र गासको ठेगान नभएका भारी बोकेर जीवन निर्वाह गर्ने श्रमजीवी वर्गका रूपमा यिनीहरू देखिन्छन् । नुनका भारी बोकेर पहाड मधेस गर्दै आफ्नो दैनन्दिन सञ्चालन गर्दै आएका यस्ता सीमान्तीय पात्र समाज र राज्यमा पहिचानविहीन छन् । सधैँभरि अरूका निम्ति उपयोग भइरहने र अरूका माध्यम मात्र बनेका यस्ता पात्रहरू/वर्गका निम्ति सरकारी योजना, सुविधा र राहत ल्याइएको छैन । यिनीहरू आवाजविहीन र शोषणका विरुद्ध सङ्गठित हुन सकेका छैनन् । फलस्वरूप यिनीहरूमा प्रतिरोधी भावना पाइँदैन । राज्य पक्ष र सम्भ्रान्त वर्गबाट यिनीहरू सधैँ उपेक्षित र किनारीकृत छन् । कथामा हिन्दु र किराँती धर्म पनि क्रिस्चियन धर्मबाट तिरस्कृत र उपेक्षित छ । दुःख र पापबाट मुक्त गराउने एक मात्र भगवान् 'येशु' हुन् भन्ने प्रभु माइलाको प्रभुताका कारण किराँती धर्म मान्दै आएका मङ्गलसिं, डबले, कोक्मा ठुलेलगायत पात्रमा हिनताबोध हुन्छ । खानाको बन्दोबस्त साथीहरूले गरिदिने तर यसको जस येशुलाई दिने प्रभु माइलाको प्रवृत्तिप्रति कोक्मा ठुले, मङ्गलसिं जस्ता पात्रमा रिस उठ्छ र प्रतिरोधस्वरूप प्रभु माइलाको भागको कराही उठाएर पर बाटोमा फालिदिन्छन् (सुब्बा, २०७३, पृ. २३४) । यसबाट पनि सीमान्तीय पात्रहरूमा अभिजात्य वर्गप्रति प्रतिरोधको भावना रहेको पुष्टि हुन्छ । प्रभुत्व र विचारधारा (राज्य संयन्त्र) का अगाडि सीमान्तीकृतका आवाज गौण बन्छन्, सम्बोधन हुन सकेको देखिँदैन ।

'प्रभु माइला'कथाका सीमान्तीय पात्र/वर्गहरूको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

**तालिका ५**

*प्रभु माइला कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| मङ्गलसिं | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| डबले | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| कोक्मा ठुले | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| पुर्ने | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| प्रभु माइला | सम्भ्रान्त | + | + | + | + | + | + | – | + |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **क्रिस्चियन धर्म** | **सम्भ्रान्त** | + | + | + | + | + | + | + | + |
| **हिन्दु/किराँती धर्म** | **अधीनस्थ** | + | + | + | + | – | + | – | + |

माथिको तालिकामा (+) ले छ/हो र (-) ले होइन/छैन भन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान प्रतिरोध र आवाज भए पनि उनीहरूको स्थान सुरक्षित छैन, आवाज सम्बन्धित पक्षले सुनेको पाइँदैन । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन । प्रभु माइलाको भूमिका आरम्भमा अधीनस्थ छ भने उत्तरार्धतिर सम्भ्रान्त देखिन्छ । अधीनस्थ पात्रहरू आर्थिक र सांस्कृतिक दुवै आधारमा सीमान्तकृत छन् ।

***'खरानी गाउँ' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज***

'खरानी गाउँ' कथामा खरानी गाउँका जनताहरू सीमान्तीकृत पात्रका रूपमा देखिन्छन् भने राज्य र स्थानीय प्रहरी प्रशासन सम्भ्रान्त/अभिजात्य वर्गका रूपमा देखिन्छन् । खरानी गाउँका माओवादी र काँग्रेसका कार्यकर्ता/जनता तथा गाउँका अन्य वस्तु, प्राणीको आवाज छ- गाउँमा शान्ति, विकास, समानता, स्वतन्त्रता र बन्धुत्व कायम होस् (साहनी, २०७२, पृ. १३१-१३२) । तर सरकारी विचारधारा ( संयन्त्र) ले खरानी गाउँका आवाज सुन्दैन । उसले राज्य सत्ताका आडमा निरीह गाउँलेहरूलाई माओवादीका नाममा समातेर मार्छ र आगो लगाउँछ । यसबाट सीमान्त वर्गको पहिचान र क्षेत्र अस्तित्वहीन छ । प्रभुताका कारण गाउँले मारिन्छन्, बलात्कृत हुन्छन् र जलाइन्छन् । सीमान्त वर्गमा प्रतिरोधको भावना छ । उनीहरूले सरकारी दमनका विरुद्ध खरानी गाउँ नजिकै रहेको प्रहरी चौकीमा आगो लगाउँछन् र उक्त घटनामा एक जना स.ई. समेत दस जना प्रहरी मारिन्छन् । यस्तै माओवादले थपेको एम्बुसमा परी सात जना प्रहरीको मृत्यु भएको हुन्छ (पृ. १३१) । यसका साथै प्रहरी बालबच्चा, दोजिया महिला र भर्खर विवाह भएका जोडीलाई नमार्न अनुरोध गरिन्छ तर अभिजात्य वर्ग/प्रभुता/विचारधाराका अगाडि सीमान्तीकृत खरानी गाउँका जनताका आवाज निरीह र मृत बन्छन् । अतः कथामा खरानी गाउँ पहिचानविहीन, आवाजविहीन र सीमान्तीकृत देखिन्छ ।

'खरानी गाउँ'कथाका सीमान्तीय पात्र/वर्गहरूको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

**तालिका ६**

*खरानी गाउँ कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| **माओवादी कार्यकर्ता** | **अधीनस्थ** | – | – | + | + | – | + | – | + |
| **काँग्रेस कार्यकर्ता** | **अधीनस्थ** | – | – | + | + | – | + | – | + |
| **पुलिस** | **सम्भ्रान्त** | + | + | + | + | + | + | + | – |
| **इन्स्पेक्टर** | **सम्भ्रान्त** | + | + | + | + | + | + | + | – |
| **महिला** | **अधीनस्थ** | – | – | + | + | – | + | – | + |
| **वृद्ध** | **अधीनस्थ** | – | – | + | – | – | – | – | + |
| **गाई/गोठ/भैँसी** | **अधीनस्थ** | – | – | – | – | – | – | – | + |

माथिको तालिकामा (+) ले छ/हो र (-) ले होइन/छैन भन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान बनेको छैन । प्रतिरोध र आवाज भए पनि उनीहरूको स्थान सुरक्षित छैन, आवाज सम्बन्धित पक्षले सुनेको पाइँदैन । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन । लेखक पक्षधरता सीमान्त वर्गप्रति रहेको देखिन्छ ।

***'थवाङ्को आकाशमुनि' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज***

'थवाङ्को आकाशमुनि' कथामा मनसिरी, धनमाया, कृष्ण सेन 'इच्छुक', शिवराम पुन, दीपक, शकुन्तला सीमान्तीकृत र उपेक्षित छन् । यिनीहरू राज्य संयन्त्र (विचारधारा) बाट सताइएका मात्र हैन, मारिएका

छन् । सरकारविरोधी क्रियाकलाप गरेको अभियोगमा कृष्ण सेन 'इच्छुक' मारिन्छ भने माओवादीलाई सघाएको आरोपमा शिवराम पुनलाई आफ्नो आँगनमा गोली हानी ढालिन्छ । यसबाट आहत भएका शिवराम पुनको छोरो दीपक र छोरी शकुन्तला घर छोडी जनमुक्ति अभियानमा जाग्छन् । यसबाट कथामा सीमान्तीकृत पात्रको पहिचान बनिसकेको छैन, उनीहरूका लागि सुरक्षित स्थान बन्न सकेको छैन । विधवा मनसिरी छोराछोरीको पीडामा छट्पटिएकी छ भने धनमाया एक्लो जीवन बिताइरहेकी छ । राज्य पक्षबाट उनीहरूलाई सहारा दिनुको सट्टा भवितव्य अपराधबाट सशङ्कित छन् । कथामा सरकार र त्यसको विचारधारा (संयन्त्र) अभिजात्य वर्गका रूपमा देखिन्छ भने यसले प्रभुताको प्रयोग गरिरहेको छ । यस्तो प्रभुताको प्रयोग सीमान्त वर्गले गर्न पाएको छैन । कथाका सीमान्त पात्रमा प्रतिरोधको भावना छ तर सशक्त बनिसकेको छैन । कृष्ण सेन र शिवराम सेन सरकारबाट मारिँदा पनि उनीहरूले सामान्य अभिव्यक्तिबाहेक कडा प्रतिरोध गरेका छैनन् । गाउँका अन्य मानिसमा पनि प्रतिरोधभन्दा त्रास बढी छ । यसबाट सम्भ्रान्त वर्गका अगाडि सीमान्तीकृत पात्रहरू निरीह र त्रसित छन् । सीमान्त पात्रका आवाजको सम्बोधन भएको छैन ।

'थवाङ्को आकाशमुनि'कथाका सीमान्तीय पात्र/वर्गहरूको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

**तालिका ७**

*थवाङ्को आकाशमुनि कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| कृष्ण सेन 'इच्छुक' | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| शिवराम | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| मनसिरी | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| धनमाया | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| दीपक | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| शकुन्तला | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| पत्रकार | अधीनस्थ | – | – | + | – | – | + | – | + |
| मानव अधिकारकर्मी | अधीनस्थ | + | + | + | – | – | + | – | + |
| सेना/प्रहरी | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |

माथिको तालिकामा (+) ले छ/हो र (-) ले होइन/छैन भन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान प्रतिरोध र आवाज भए पनि उनीहरूको स्थान सुरक्षित छैन, आवाज सम्बन्धित पक्षले सुनेको पाइँदैन । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन । लेखक पक्षधरता सीमान्त पात्रप्रति रहेको देखिन्छ ।

### *'रोबोटको आँखा' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

'रोबोटको आँखा' कथामा सम्भ्रान्त पात्रका रूपमा कोरिया, अमेरिका, अस्ट्रेलिया जस्ता मुलुक रहेका छन् भने नेपाल र नेपाली जनता सीमान्तीकृत पात्रका रूपमा देखिएका छन् । विश्वको सुन्दर देश नेपाल र यहाँको अथाह प्राकृतिक तथा सांस्कृतिक सम्पदाले विश्वलाई चकित मात्र हैन, सुन्दरताको पारख गराइरहेको भए पनि यसको उचित उपयोग हुन नसकेकाले नेपाल देश र नेपाली जनता विश्वका दृष्टिमा सीमान्तीय र उपेक्षित भई बाँच्नुपरेको यथार्थता कथामा झल्किएको छ । नेपालले आफ्नो पहिचानलाई उच्च राख्न नसकी गुमाइरहेको छ, आफूमा अस्तित्वको बोध हुन सकेको छैन । आफूमा भएको साधन, स्रोतको उपयोग गरी आफूमा प्रभुत्व कायम राख्न पनि नसकेको देखिन्छ । विदेशका ठुला ठुला उद्योग कारखानामा आवश्यक पर्ने कच्चा पदार्थ अन्य देशबाट झिकाइन्छ तर हामीले आफ्नो मूल्य बुझ्न सकेका छैनौँ । उल्टै यहाँको जनशक्ति विदेशी बजारमा बिकिरहेको छ; स्वदेशमै रोक्न सकिएको छैन (पौडेल, २०७२, पृ. २०३-२०४) । नेपालले आफूलाई चिन्न नसक्दा र परिवर्तनलाई आत्मसात् गर्न नखोज्दा नेपालमा झन् गरिबी बढेको र भ्रष्टाचार झन् मौलाएको देखिन्छ । नेपालले विदेशी हस्तक्षेपका विरुद्ध प्रतिरोध गर्न र विकासका दृष्टिले टक्कर दिन नसकेकोले नेपालीहरू आवाजविहीन र शक्तिहीन भई बाँच्नु परेको छ । प्रभुताको उपयोग शक्ति

सम्पन्न राष्ट्रले मात्र गरिरहेको सन्दर्भमा नेपाल र नेपाली अझै पनि उपेक्षित, सीमान्तीकृत र किनारीकृत भई बाँच्नु परेको देखिन्छ ।

'रोबोटको आँखा'कथाका सीमान्तीय पात्र/वर्गहरूको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

**तालिका ८**

*रोबोटको आँखा कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| म (लेखक) | अधीनस्थ | – | – | – | + | – | – | – | + |
| नेपाल देश | अधीनस्थ | – | – | – | + | – | – | – | + |
| नेपाली जनता | अधीनस्थ | – | – | – | + | – | – | – | + |
| रोबोट | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| छिमेकी देश | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |

माथिको तालिकामा (+) ले छ/हो र (-) ले होइन/छैन भन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान शून्य छ । प्रतिरोध र आवाज भए पनि उनीहरूको स्थान सुरक्षित छैन, आवाज सम्बन्धित पक्षले सुनेको पाइँदैन । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन । लेखक पक्षधरता सीमान्त वर्ग/पात्रप्रति रहेको छ । लेखकले सीमान्त पात्रको भाषा बोलेका छन् ।

***'खुटियाको काख' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज***

'खुटियाको काख' कथामा राज्यबाट पेलिएका, धकेलिएका र उपेक्षा गरिएका अति विपन्न परिवारको पिडा अभिव्यक्त भएको छ । सिंगाने केटाकेटी, दुब्ला केटाकेटी, सानी ख्याउटी, बाङ्गे बुढा, बाङ्गे बुढाकी पत्नी (दलेकी आमा), झुत्रे केटाकेटी, ओठ निलो भएकी केटीलगायत पात्रहरू कथामा सीमान्तीकृत पात्रका रूपमा आएका छन् । खुटिया खोलाको किनारमा बसी ढुङ्गा फोड्ने र कोइला, बटुल्ने गरी बेचेको दुई चार पैसाले जीवन निर्वाह गरेका यी पात्रहरूको गास, बास र सुरक्षाको कुनै व्यवस्था छैन । पैसा कमाएर धनी हुने र पढेर ठुलो व्यक्ति हुने लालसा यिनीहरूसँग छैन (जोशी, २०७३, पृ. १८०-१८१) । वर्षा याममा पानी नतर्ने छाप्राहरूमा रात काटेका यी सीमान्तीकृत पात्रहरूका लागि सरकार तथा प्रशासन अन्धो बनेको छ । सीमान्तीकृत पात्रहरूमा पनि आफू जुन अवस्थामा छन्, त्यही अवस्थामा रहन चाहन्छन् । अर्थात् यिनीहरूमा आफ्नो अस्तित्वको बोध भएको पाइँदैन । यिनीहरूको आवाज पनि स्पष्ट छैन, यिनीहरू सङ्गठित पनि भएका छैनन् र प्रतिरोधको भावना पनि देखिँदैन । जीवनको अन्तिम अवस्थासम्म मृत्यु पर्खेर बसेका कथाका मुख्य पात्र बाङ्गे बुढा, उसकी बुढीलगायत पात्रहरूलाई खुटिया खोलाको किनारामा नबस्न र छोड्न (पृ. १८८-१८९) प्रहरी प्रशासनले दबाब दिएपछि त समाजमा मानवता, करुणा, दया र भावना नै हराएको पुष्टि हुन्छ । कथामा प्रभुताको उपयोग अभिजात वर्ग (सरकार प्रशासन, मालिक) ले गरेका छन् भने सीमान्त वर्गले प्रभुताको उपयोग गर्न पाएका छैनन् । उनीहरू सदियौँदेखि उपेक्षित र किनारीकृत छन् । उनीहरू आवाजविहीन र निरीह बनेका छन् ।

'खुटियाको काख'कथाका सीमान्तीय पात्र/वर्गहरूको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

**तालिका ९**

***खुटियाको काख कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज***

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| सिंगाने केटाकेटी | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| अर्धवैंसे आइमाई | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| बाङ्गे बुढा | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| बुढाकी स्वास्नी | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| लेखक (म) | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| प्रहरी | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| टेक्टर मालिक | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| मास्टर साप | अधीनस्थ | + | + | + | + | – | – | – | + |
| मोटरसाइकल मालिक | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |

माथिको तालिकामा (+) ले छ/हो र (-) ले होइन/छैन भन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान शून्य छ । प्रतिरोध र आवाज पनि शून्य छ । उनीहरूको स्थान सुरक्षित छैन, मधुर आवाज सम्बन्धित पक्षले सुनेको पाइँदैन । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन । लेखक पक्षधरता सीमान्त वर्ग/पात्रप्रति रहेको देखिन्छ ।

***'पछवरिया टोल' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज***

'पछवरिया टोल' कथामा प्रयुक्त पात्रहरू कुनै सम्भ्रान्त र कुनै गरिब छन् । गरिबहरूमाथि विभिन्न प्रकारका शोषणहरू चलिरहेका छन् । तिनीहरू भोटका लागि मात्र उपयोग हुन्छन् । पुलिस प्रशासन नेताहरूकै गोटी बन्छ । अनवर अख्तर र भोला चौधरी आफ्ना नेताको प्रवक्ता बनेर गाउँका मानिसमाथि अन्याय गर्छन् । किस्नबहादुर र जगदीशवाले पनि क्रमशः छाप १ र छाप २ छाडेका कुराले उनीहरू पनि राजनीतिक दल र तिनै नेताबाट प्रयोग भएको पाइन्छ । यिनीहरू अभिजात्य वर्गका हुन् र यिनीहरूले प्रभुत्वको उपयोग गरिरहेका छन् । यसको विपरीत धनेसरी, शिवशरण, धनपति, सुवेदार जस्ता पात्रहरू सीमान्तीकृत र उपेक्षित, आवाजविहीन छन् । यिनीहरूको राजनीतिक तहमा पहुँच छैन । उपल्ला जातिहरू सायद मूल टोलमा बस्छन् भने सीमान्तीयहरू पछवरिया टोलमा बस्छन् । यिनीहरूलाई चुनावका बेला कसैले जग्गा त कसैले पैसाको लोभ देखाउँछन् तर बाह्र वर्षसम्म कसैको जग्गा दर्ता भएको छैन ।

'पछवरिया टोल' कथाका सीमान्तीय पात्रहरूमा आवाज र प्रतिरोधी भावना छ तर त्यो आवाज र प्रतिरोध सुनिँदैन । टोलको नाम पुलिस प्रशासन र नेताहरूले रामलक्ष्मण टोल राख्दा धनेसरी पासवानले विरोध गर्दछे तर पछि विद्रोही धनेसरीलाई डढाएर मारिन्छ । शिवशरणका बच्चाहरू मारिन्छन् । सीमान्त मानिसहरू “आगो जलाउनेको भस्म खरानी होस्” (पृ. ५२) भनेर गाली गर्छन् । दलको कार्यकर्ता भोला चौधरी त्यस्तो विपत्तिकै बेला पनि “आज राति नाच पाटी, सब फ्री, टिकट फ्री नाामी पाटी चोलीके पिछे” (पृ. ५२) भनेर घोषणा गर्दछ । उसको प्रतिवाद धनपतेले गर्छ- “थुक्क कुकुर ! गाउँमा यस्तो छ, तँलाई चोली के” ! रातिको लडाइँमा परेर घाइते भएको धनपतेले सकीनसकी थप्छ- “रे सार तँ आदमी छै कि, जनावर” ! अझ उसको रिस शान्त हुँदैन र भन्छ “थुक्क” (पृ. ५२) ! यसो भए तापनि उनीहरूको आवाज सुनिँदैन । तर पनि कैलाशवा र धनपतेले सङ्घर्ष गर्न छाड्दैनन् । कैलाशवा 'काका म हिँडें' भन्दै रातो कपडा लिएर पछवरिया टोलतिर दगुर्छ । गह्रौं मनले धनपते ऊ गएतिरै हेर्दछ । अतः निष्ठाको राजनीति यहाँ सीमान्तमा छ (ज्ञवाली, २०७५, पृ. ५०) । कैलाशवा र धनपत सीमान्तकै भए पनि आवाज उठाइरहेका छन् । तर उनीहरूले उठाएका आवाजलाई विभिन्न झुटा आस्वासनद्वारा दबाएर सीमान्तमा पार्ने कोसिस गरिएको छ । कथामा जनताहरूले नेताहरूका कुकृत्यका विरुद्ध चुनाव बहिष्कार गर्ने घोषणा गर्नु प्रतिरोधको ज्वलन्त उदाहरण हो । कथामा लेखकीय पक्षधरता सीमान्तीय पात्रहरूप्रति छ । संसदीय राजनीतिमा हुने खरिदविक्रीप्रति लेखकको आक्रोश छ ।

'पछवरिया टोल'कथाका सीमान्तीय पात्र/वर्गहरूको पहिचान, स्थान, प्रतिनिधित्व, प्रतिरोध, प्रभुत्व, आवाज, सम्बोधन र लेखक पक्षधरताको अवस्थालाई निम्न तालिकाबाट थप स्पष्ट पारिएको छ :

**तालिका १०**

***पछवरिया टोल कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज***

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| धनेसरी | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| शिवशरण | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| किस्नबहादुर | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| बिलट बुढा | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| रामबहादुर | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| अनवर अख्तर | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| भोला चौधरी | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हवल्दार | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |
| नेता | सम्भ्रान्त | + | + | + | + | + | + | + | – |

माथिको तालिकामा (+) ले छ/हो र (-) ले होइन/छैन भन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको पहिचान प्रतिरोध र आवाज भए पनि उनीहरूको स्थान सुरक्षित छैन, आवाज सम्बन्धित पक्षले सुनेको पाइँदैन । सीमान्त वर्गले प्रभुताको उपयोग गर्न सकेको छैन ।

*'विवस्त्र रामायण' कथामा सीमान्त वर्ग/पात्रको पहिचान, प्रभुत्व र आवाज*

समकालीन कथाकार अर्चना थापाद्वारा लिखित *कठपुतला* कथासङ्ग्रह (२०७४) मा सङ्कलित कथा हो- 'विवस्त्र रामायण' । कथामा लैङ्गिक विभेद र वैचारिक द्वन्द्व पाइन्छ । कथामा पौराणिक आख्यानप्रति आलोचनात्मक दृष्टि राख्दै पुरुषसत्ताको विरोध गरिएको छ । कथामा नारी असन्तुष्टि, विद्रोह र आक्रोश पाइन्छ । कथामा नारी जागरण, समभाव र समुन्नत समाजको अपेक्षा गरिएको छ । 'विवस्त्र रामायण' को कथावस्तु र पात्रहरू रामायणको मिथकमा आधारित भैकन पनि तिनलाई विनिर्माण गरिएको छ । नारीवादले भन्छ- पौराणिक ग्रन्थहरू कथा, गाथा, विभेदकारी छन् । ती ग्रन्थ लेख्ने पनि पुरुषहरू हुन् र तिनीहरूले नारीलाई कमजोर र हीन भावनाले हेरेका छन् । वाल्मीकिले रामायणमा रामलाई मर्यादा पुरुषोत्तम र सीतालाई पतिब्रता सहनशीला हिन्दु नारीका रूपमा (थापा, २०७४, पृ. १६१) व्याख्या गरियो । बाल्मीकिको यही शब्दजालभित्र नारीलाई राखियो । अर्कोतर्फ स्वतन्त्र भएर आफ्ना कुरा राख्ने सुर्पणखालाई 'कामोत्तेजक कलङ्किनी भनी बदनाम गरियो । यसर्थ पुरुषप्रधान समाजमा नारी स्वतन्त्रता र समानता नभएकोप्रति कथाका पात्र मिनाक्षी र मैथिलीको असन्तुष्टि छ । कथाकी पात्र मैथिली पाखण्ड समाजका विरुद्ध विद्रोह गर्न चाहन्छे र नारी मौन संस्कृतिलाई तोड्न चाहन्छे । बाटोमा रेस्टुरेन्ट खोलेर पैसा कमाउन जान्नेले महिलाका लागि शौचालय बनाउने सोच नराख्ने पुरुष मानसिकताप्रति तीव्र असन्तुष्टि व्यक्त गर्दछे । अतः कथामा सीमान्तीकृत बनाइएका नारी वर्ग वाचाल देखिन्छन् । स्वतन्त्रता र समनताका लागि विद्रोही बनेका छन् । पुरुष प्रभुताप्रति प्रतिरोध जनाएका छन् । सङ्गठित भई आफ्ना अधिकारको खोजी गर्न थालेका छन् । तर उनीहरूको आवाजको सम्बोधन भएको छैन । कथामा सीमान्त पात्रको प्रतिनिधित्व छ, पुरुषसत्ताप्रति प्रतिरोध छ तर स्पष्ट पहिचान बनिसकेको देखिँदैन । प्रभुताको उपयोग सीमान्त वर्गले गर्न पाएका छैनन् ।

'विवस्त्र रामायण' कथामा प्रयुक्त पात्र/वर्गको पहिचान, स्थान, प्रभुत्व, प्रतिरोध, आवाज र लेखन पक्षधरतालाई तलको तालिकाबाट थप स्पष्ट पारिएको छ ।

**तालिका ११**

***विवस्त्र रामायण कथामा सीमान्त पात्र/वर्गको पहिचान, प्रभुत्व र आवाज***

| पात्र | वर्ग | पहिचान | स्थान | प्रतिनिधित्व | प्रतिरोध | प्रभुत्व | आवाज | सम्बोधन | लेखक पक्षधरता |
|---|---|---|---|---|---|---|---|---|---|
| चालक | सम्भ्रान्त | + | + | + | – | + | + | + | – |
| लक्ष्मण | सम्भ्रान्त | + | + | + | – | + | + | + | – |
| मिनाक्षी | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| मैथिली | अधीनस्थ | – | – | + | + | – | + | – | + |
| साहुनी | सम्भ्रान्त | + | + | + | – | + | + | + | – |
| सुपर्णथा | अधीनस्थ | – | – | + | – | – | + | – | + |
| सीता | सम्भ्रान्त | – | – | + | – | – | + | – | + |
| श्रीराम | सम्भ्रान्त | + | + | + | – | + | + | + | – |
| हनुमान | अधीनस्थ | + | + | + | – | + | + | + | – |
| उर्मिला | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| मन्दोदरी | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| कैकेयी | अधीनस्थ | – | – | + | – | – | – | – | + |
| मन्थरा | अधीनस्थ | – | – | + | – | – | – | – | + |

दिइएको तालिकाले (+) ले छ/हो र (-) ले होइन/छैनभन्ने अर्थ सम्प्रेषण गरेका छन् । यसर्थ कथामा अधीनस्थ वर्ग/पात्रहरूको प्रतिरोध र आवाज भए पनि उनीहरूको पहिचान र क्षेत्र सुनिश्चित छैन, प्रतिरोधी

भावनाको सम्बोधन भएको छैन र लेखक पक्षधरता सीमान्त वर्ग/पात्रतर्फ छ । सीमान्त वर्गले प्रभुता (शक्ति/सत्ता) को उपयोग गर्नपाएका छैनन् ।

**निष्कर्ष**

गुणात्मक अनुसन्धान ढाँचा, उत्तरआधुनिक दर्शन र व्याख्यावादी तथा जातिभाषिक पद्धतिमा आधारित प्रस्तुत अनुसन्धानमा सोद्देश्यमूलक नमुना छनोट विधिका माध्यमबाट लिइएका समकालीन नेपाली प्रतिनिधिमूलक सीमान्तीय कथाको अध्ययन गर्दा सबैजसो कथाहरूमा सीमान्त वर्ग/पात्रको पहिचान, प्रतिरोध र आवाज कमजोर देन्छि । सम्भ्रान्त वर्गका अगाडि उनीहरू आवाजविहीन र निरीह देखिन्छन् । सम्भ्रान्त वर्गले सदियौँदेखि राज्यसत्ता (विचार धारा) मा आफ्नो प्रभुत्व कायम गरी आएको छ भने सीमान्त वर्ग/पात्रले प्रभुता (सत्ता/शक्ति) को उपयोग गर्न पाएका छैनन् । 'खुटियाको काख', 'काँचको गिलास', 'रोबोटको आँखा' र 'सीमान्त क्षितिज' कथामा सीमान्त वर्ग/पात्रको पहिचान र प्रतिरोध शून्य छ; भने 'राजनीति', 'बँसीतिर', 'प्रभु माइला', 'थवाङ्को आकाशमुनि', 'पछवरिया टोल' र 'विवस्त्र रामायण' कथामा सीमान्त वर्ग/पात्रहरू वाचाल छन्; प्रभुताका विरुद्ध प्रतिरोध गर्छन् तर उनीहरूको आवाज सम्बन्धित पक्षले सुन्दैन । कथामा सीमान्तीकृत पात्रहरू आर्थिक/वर्गीय, वैचारिक, लैङ्गिक, जातीय, उमेरगत अशक्तता (बद्ध, बाल) जस्ता सीमान्तीयतामा बाँच्न विवश छन् । कथाका सबैजसो सीमान्तीय पात्रहरूको सामर्थ्य र सम्भावना प्रचूर छ; उनीहरू सदैव सम्भ्रान्त वर्गका माध्यम बनेका छन्; तर सीमान्तीकृतहरूको उत्थान र विकासका लागि राज्य तथा सम्भ्रान्त वर्गबाट ठोस कार्यक्रम आउँदैन । फलस्वरूप सीमान्त वर्ग/पात्र सधैँ उपेक्षित छन् । कथाका सबैजसो पात्रहरू (विवस्त्र रामायणबाहेक) गरिब, श्रमजीवी, भरिया, किसान, मजदुर र विपन्न स्तरका छन् । यिनीहरू सङ्गठित भएको पनि पाइँदैन । सीमान्तवर्ग/पात्र सङ्गठित हुन नसक्नु र समूहगत रूपमा सशक्त प्रतिरोध गर्दा पनि सम्भ्रान्त वर्गको प्रभुता र हैकमका कारण सीमान्तीकृतका आवाज नसुनिनु सीमान्त वर्ग/पात्रले भोल्नुपरेका चुनौती हुन् । यसका लागि सीमान्त वर्गको पहिचान र प्रतिरोधी भावना उनीहरूबाटै आउनु आवश्यक छ भने समाजले सीमान्त वर्गप्रति हेर्ने दृष्टिकोणमा पनि सकारात्मक परिवर्तन आउनु जरुरी देखिन्छ ।

**कृर्तज्ञता ज्ञापन**

*प्रस्तुत 'समकालीन नेपाली कथामा प्रयुक्त सीमान्तीय पात्रको पहिचान, प्रभुत्व र आवाज' शीर्षकको आलेख यसपूर्वको मेरो 'समकालीन नेपाली कथामा सीमान्तीयता' शीर्षकको लघु अनुसन्धान कार्यमा आधारित छ । यी दुबै अनुसन्धान कार्य सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने अनुसन्धान समिति, पृथ्वीनारायण क्याम्पस पोखराप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।*

**सन्दर्भ सूची**

आचार्य, पुष्पराज, अनु. (२०७३), 'बुद्धिजीवीको निर्माण, एन्टोनियो ग्राम्ची', *मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू*, सम्पा. प्रा.डा. कृष्णचन्द्र शर्मा, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. १२५-१३३ ।

खनाल, हरिहर (२०७२), 'थवाङ्को आकाशमुनि' *प्रज्ञा आधुनिक नेपाली कथा,भाग ३,* सम्पा. मातृका पोखरेल इस्माली र लक्ष्मणप्रसाद गौतम, पृ. १४२-१५५ ।

गौतम, कृष्ण (२०६४), *उत्तरआधुनिक जिज्ञासा,* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, लक्ष्मणप्रसाद (२०६६), *नेपाली उत्तरआधुनिक समालोचना,* काठमाडौँ : ओरिएन्टल पब्लिकेसन हाउस प्रा.लि. ।

जोशी, रामलाल (२०७३), 'खुटियाको काख' *ऐना.* काठमाडौँ : बुक हिल पब्लिकेसन ।

ज्ञवाली, शिवशरण, (२०७५), 'पछवरिया टोल कथामा सीमान्तीयता', *हाम्रो पुरुषार्थ,* वर्ष ४६, अङ्क २, सम्पूर्णाङ्क ८१, सम्पा. शशि पन्थी र अन्य, पृ. ४३-५१ ।

ढकाल, नारायण (२०७२), 'राजनीति', *नारायण ढकालका कथा,* काठमाडौँ : फिनिक्स बुक्स, पृ. १०७-११३ ।

त्रिपाठी, गीता (२०६७), 'काँचको गिलास कथाको सीमान्तीय अध्ययन', *कृति विश्लेषण : प्रायोगिक आयाम* काठमाडौँ : रत्न पुस्तक भण्डार, पृ. १३१-१४४ ।

त्रिपाठी, गीता (२०७५), 'सीमान्तीयता, अनलाइन शिक्षण सामग्री', ललितपुर : नेपाल खुला विश्वविद्यालय ।

धरावासी, कृष्ण (२०६२), 'समसामयिक नेपाली उपन्यास : प्रयोग र प्रवृत्ति', *गरिमा,* (वर्ष २३, अङ्क ९, पूर्णाङ्क २७३), पृ. ५१-६० ।

न्यौपाने, अमर (२०६६), *पानीको घाम,* काठमाडौँ : पैरवी बुक हाउस, पृ. १४५-१५९ ।

पाण्डे, हेमलाल, अनु. (२०७३), 'विचारधारा र राज्यका विचारधाराका अङ्गहरू', *मार्क्सवादी साहित्य सिद्धान्तका प्रतिनिधिमूलक विचारहरू,* सम्पा. प्रा.डा. कृष्णचन्द्र शर्मा, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. २६१-२८४ ।

पाण्डेय, ताराकान्त (२०७३), 'साल्गीको बलात्कृत आँसु कथाको बहुसांस्कृतिक अध्ययन', *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* काठमाडौँ : साझा प्रकाशन, पृ. ९२-१०४ ।

पौडेल, नरेन्द्रराज (२०७२), 'रोबोटको आँखा', *प्रज्ञा आधुनिक नेपाली कथा, भाग ३,* सम्पा. मातृका पोखरेल, इस्माली र लक्ष्मणप्रसाद गौतम,पृ. २००-२०६ ।

पौडेल, विष्णुप्रसाद (२०६९), *समकालीन नेपाली साहित्य चिन्तन र उपन्यास समालोचना,* पोखरा : सुलोचना खनाल ।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* काठमाडौँ : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०६९), 'पछबरिया टोल कथा', *नेपाली साहित्यिक रचना,* काठमाडौँ : साझा प्रकाशन, पृ. ४६-५२ ।

बस्नेत, वसन्त (डिसेम्बर २६, २०११), 'सबाल्टर्नकी वाचाल स्पिभाक', ब्लग पोस्ट डट कम ।

मजगैयाँ, उत्तमकृष्ण (२०७३), 'बँसीतिर', *प्रज्ञा आधुनिक नेपाली कथा, भाग ४,* सम्पा. मातृका पोखरेल, इस्माली, लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. ३४-४१ ।

शर्मा, मोहनराज (२०४९) 'नेपाली समसामयिक कविता', *रश्मि,* पूर्णाङ्क ५, पृ. २३-२४ ।

शर्मा, मोहनराज (२०७०), 'अवरजन अध्ययन र साहित्य',*भृकुटी,* भाग १९, असार, सम्पा. लिखत पाण्डे र अन्य, पृ. ३१५-३२५ ।

शर्मा, विष्णुप्रसाद (२०७६), 'उलार कथामा सीमान्तीयता', *प्राज्ञमञ्च,* वर्ष ३२, अङ्क १६, सम्पा. अक्कलदेव मिश्र र अन्य, पृ. ३५४-३६१ ।

शर्मा, विष्णुप्रसाद (२०७७), 'समकालीन नेपाली कथामा सीमान्तीयता',अप्रकाशित लघुअनुसन्धान प्रतिवेदन, अनुसन्धान समिति पृथ्वीनारायण क्याम्पस, पोखरामा प्रस्तुत ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न.* काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

श्रेष्ठ, दयाराम (२०७०), *नेपाली कथा र कथाकार,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, शङ्करकुमार (२०७३), 'सीमान्त क्षितिज'. *प्रज्ञा आधुनिक नेपाली कथा,* सम्पा. मातृका पोखरेल, इस्माली र लक्ष्मणप्रसाद गौतम. काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

साहनी, दिल (२०७२), 'खरानी गाउँ', *प्रज्ञा आधुनिक नेपाली कथा भाग ३,* सम्पा. मातृका पोखरेल, इस्माली र लक्ष्मणप्रसाद गौतम, पृ. १२८-१४१ ।

सुब्बा, उपेन्द्र (२०७३), 'प्रभु माइला', *प्रज्ञा आधुनिक नेपाली कथा भाग ४.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, पृ. २२८-२३४ ।

सुब्बा, मनप्रसाद (सेप्टेम्बर २०११), 'केन्द्र बनाम किनारा', *किनारा विमर्श,* सम्पा. मनप्रसाद सुब्बा र रेमिका थापा, दार्जिलिङ : गामा प्रकाशन, पृ. १०-२० ।

**सुवेदी, राजेन्द्र (२०६९), 'उपनिवेशका सन्दर्भमा उत्तरऔपनिवेशिकता', *समसामयिक नेपाली उपन्यासको अध्ययन,* काठमाडौँ : पैरवी प्रकाशन ।**